Department of Education & Workforce

THE OHIO STATE UNIVERSITY
CENTER ON EDUCATION AND TRAINING FOR EMPLOYMENT

# पारिवारिक रोडम्याप

## पारिवारिक रोडम्यापमा स्वागत छ

तपाईंले रोडम्याप बारे थप जान्न भिडियो हेर्न सक्नुहुन्छ।

## तपाईंका शिक्षा अधिकारहरू

United States मा, विद्यालय र परिवारहरू बालबालिकालाई सिक्न र बढ्न मद्दत गर्न एक-साथ काम गर्छन्। यहाँ प्रत्येक बालबालिकाले राम्रो शिक्षा पाउँछन् भनी सुनिश्चित गर्न कानुनहरू छन्। समान सार्वजनिक-विद्यालय अधिकार र सुरक्षाहरू सबै विद्यार्थी र परिवारहरूमा लागू हुन्छ। नयाँ भाषाको रूपमा अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूसँग भाषा सहायता प्राप्त गर्ने र विद्यालयका सबै गतिविधिहरूमा सहभागी हुन सक्षम हुने सम्बन्धी सुरक्षाहरू छन्।

परिवारहरूले आफ्ना विद्यार्थीका अधिकारहरू बुझ्नुपर्छ। त्यसपछि, उनीहरूलाई विद्यालयबाट के आशा गर्ने भनी थाहा हुन्छ। उनीहरूले आफ्ना विद्यार्थीले सम्भव भएसम्म राम्रो शिक्षा प्राप्त गरिरहेका छन् भनी निश्चित गर्न सक्छन्। यसले विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको लागि तयार पार्न मद्दत गर्छ।

शिक्षा सम्बन्धी अधिकारहरूबारे थप अन्वेषण गर्नुहोस्।

## विद्यालय विकल्पहरू

यो स्रोतले तपाईंलाई Ohio राज्यमा तपाईं र तपाईंको परिवारका लागि उपलब्ध विभिन्न विद्यालय विकल्पहरू बारे जान्न मद्दत गर्ने छ। यसमा परम्परागत सार्वजनिक विद्यालय, चार्टर विद्यालय र निजी विद्यालयहरूको बारेमा जानकारी समावेश छन्। धेरै कारणहरूले गर्दा परिवारहरूले एक प्रकारको विद्यालयबाट अर्को छनौट गर्छन्। Ohio मा आठ विद्यालय विकल्पहरूका साथै असक्षमता भएका विद्यार्थीहरूका लागि पनि विकल्पहरू छन्।

अभिभावक वा स्याहारकर्ताहरू संलग्न हुँदा बालबालिकाले विद्यालयमा राम्रो गर्न सक्ने सम्भावना बढी हुन्छ। आफ्ना बच्चाको शिक्षामा संलग्न हुन अभिभावक वा स्याहारकर्ताहरूले विद्यालयहरू कसरी व्यवस्थित छन् भनी बुझ्नु सहयोगी हुन्छ। विद्यालय प्रणालीहरू फरक हुन सक्छन्। परिवार, अभिभावक वा स्याहारकर्ताहरूले आफ्ना बच्चालाई सहायता गर्ने सम्बन्धमा कस्ता विकल्पहरू छन् भनी जान्नु सहयोगी हुन्छ।

तपाईंको परिवारले आफ्ना बच्चाको लागि सबैभन्दा राम्रो विद्यालय विकल्प छनौट गर्न मद्दत पाउन Explore the Ohio Statewide Family Engagement Center को Choose a School Tool अन्वेषण गर्नुहोस्।

## नामाङ्कन

### Ohio मा तपाईंको बच्चा नामाङ्कन गर्ने

नयाँ विद्यालय सुरु गर्नु बालबालिका र उनीहरूको परिवारको लागि रोमाञ्चक समय हो। यो साथी र शिक्षकहरूसँग नयाँ

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

सम्बन्धको सुरुवात हो। यो तपाईंको परिवार विद्यालय समुदायको एउटा हिस्सा बन्ने समय हो। तपाईंका बालबालिकाले विद्यालय सुरु गर्नुअघि, तपाईंले उनीहरूको नामाङ्कन गर्नुपर्छ। नामाङ्कन अवधिमा, तपाईंले धेरै कार्यक्रमहरू र विद्यालयले विद्यार्थी र परिवारहरूलाई के प्रदान गर्नुपर्छ भन्ने बारेमा जान्नु हुने छ।

तपाईंको बच्चालाई विद्यालयमा नामाङ्कन गर्ने बारे थप अन्वेषण गर्नुहोस्।

### विद्यालय उपस्थिति बुझ्ने

विद्यालय जाने बालबालिकाले अक्सर विद्यालयमा राम्रो गर्ने सम्भावना बढी हुन्छ। प्रत्येक दिन विद्यालयमा हाजिर हुने विद्यार्थीहरू उच्च विद्यालय ग्रेजुएट हुने सम्भावना नौ गुणाले बढी हुन्छ। उनीहरूले तेस्रो ग्रेडमा पढ्ने सफलता हासिल गर्ने सम्भावना छ गुणाले बढी हुन्छ। यस कारणले गर्दा, बालबालिका सम्भव भएसम्म धेरै विद्यालयमा हाजिर हुने अपेक्षा गरिन्छ। Ohio मा, विद्यालयहरूले बालबालिका विद्यालयमा हाजिर भएको समयको रेकर्ड राख्छन्।

विद्यालय उपस्थितिको बारेमा थप अन्वेषण गर्नुहोस्।

### तपाईंको बच्चाको शैक्षिक प्रगति बुझ्ने

तपाईंको बच्चाको शैक्षिक प्रगति बुझ्नु विद्यालयमा उनीहरूको सफलताको लागि महत्त्वपूर्ण छ। उनीहरूले आफ्नो अध्ययनमा कत्तिको राम्रो गरिरहेका छन् भन्ने थाहा पाएर, तपाईंले उनीहरूलाई प्रभावकारी रूपमा सहायता र मार्गदर्शन गर्न सक्नुहुन्छ। तपाईंको बच्चाको विद्यालयले उनीहरूको सिकाइको मूल्याङ्कन गर्न सक्ने विभिन्न तरिकाहरू छन्, जस्तै परीक्षा र असाइनमेन्टहरू। यसले उनीहरूको शिक्षा यात्रामा महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्छ।

शैक्षिक प्रगति र ग्रेडिङ बारे थप अन्वेषण गर्नुहोस्।

## अङ्ग्रेजी भाषा सहायता

Ohio का विद्यालय र शिक्षकहरू बालबालिकाले संसारमा राम्रोसँग सञ्चार गर्ने अवसरहरूको फाइदा लिउन् भन्ने चाहन्छन्। यसमा अङ्ग्रेजी भाषा सहायता आवश्यक विद्यार्थीहरूलाई यो सहायता उपलब्ध गराउने कुरा समावेश छ। विद्यालयहरूले विद्यार्थीहरूलाई उनीहरूको अङ्ग्रेजी कौशलहरू सुधार गर्न मद्दत गर्न विशेष चरण र सहायताहरू अपनाएका छन्।

अङ्ग्रेजी भाषा सहायताहरूको सम्बन्धमा थप अन्वेषण गर्नुहोस्

## सफलताको लागि एक-साथ काम गर्ने

### तपाईंको बच्चाको सफलताको लागि विद्यालयसँग एक-साथ काम गर्ने

तपाईंको बच्चालाई तपाईं र तपाईंको परिवारले जति राम्रोसँग कसैले चिन्दैन। तपाईंले आफ्नो बच्चाको शिक्षालाई कसरी सहायता गर्ने भनेर जान्न चाहेको बेलमा वा तपाईंको बच्चालाई मद्दत आवश्यक भएको समयमा तपाईंले विद्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंको बच्चा सही बाटोमा छ भनी सुनिश्चित गर्न पनि तपाईंले विद्यालयलाई सम्पर्क गर्न सक्नुहुन्छ।

विद्यालयहरूसँग काम गर्ने बारे थप अन्वेषण गर्नुहोस्।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## विद्यालय समिति र टोलीहरूमा कसरी सहभागी हुने

परिवार र शिक्षकहरूले एक-साथ काम गर्दा, बालबालिका सफल हुने, प्रत्येक दिन विद्यालयमा हाजिर हुने र आफ्ना कक्षाका साथी र शिक्षकहरूसँग जोडिएको महसुस गर्ने सम्भावना बढी हुन्छ। विद्यालयमा संलग्न भएका अभिभावक र स्याहारकर्ताहरूले आफू विद्यालय समुदायको हिस्सा भएको महसुस गर्छन्। केही परिवारहरूले आफ्नो बच्चाको विद्यालयमा सहभागी हुन रोज्ने एउटा महत्त्वपूर्ण तरिका भनेको विद्यालय टोली वा समितिमा सामेल हुने हो। अभिभावक र स्याहारकर्ताहरू विद्यालय वा डिस्ट्रिक्टको बारेमा निर्णयहरू गर्न अन्य परिवारहरूलाई भेट्न र शिक्षक र प्रशासकहरूसँग काम गर्न सक्षम सक्छन्।

तपाईंको बच्चाको विद्यालयमा सहभागी हुने बारेमा थप अन्वेषण गर्नुहोस्।

# ग्रेजुएसन

"सजिलो छैन भनेर हामीलाई थाहा छ, तर तपाईंले आफ्ना बालबालिकाको भविष्यको लागि ठूलो काम गरिरहनुभएको छ।" – Ohio शिक्षक

## तपाईंको बच्चाको ग्रेजुएसनका लागि सहायता गर्ने

युवा वयस्कहरूका लागि उनीहरूको कलेज र क्यारियर विकल्पहरू खोज्नका लागि उच्च विद्यालय ग्रेजुएसन महत्त्वपूर्ण पहिलो चरण हो। विद्यार्थीहरू भविष्यको सफलताको लागि तयार भएका छन् भनी निश्चित गर्न, Ohio विद्यालयहरूका आवश्यकताहरू छन् जसलाई विद्यार्थीहरूले ग्रेजुएट हुन पूरा गर्नुपर्छ। तपाईंले आफ्नो बच्चालाई ग्रेजुएट हुन र उनीहरूको भविष्यको लागि तयार गर्न मद्दत गर्न सक्नुहुन्छ। ग्रेजुएसन आवश्यकताहरू र तपाईंले उनीहरूलाई सहायता गर्न सक्ने विभिन्न तरिकाहरूको समीक्षा गर्नुहोस्।

ग्रेजुएसनका बारेमा थप अन्वेषण गर्नुहोस्।

## उज्वल भविष्यको लागि तपाईंको बच्चालाई तयार गर्ने

तपाईंको बच्चालाई भविष्यको लागि तयार पार्न तपाईंको परिवारले महत्त्वपूर्ण भूमिका खेल्छ। तपाईंको बच्चाले जस्तोसुकै मार्ग अपनाए पनि, तपाईंले भविष्यका लागि उनीहरूका विकल्पहरू अन्वेषण गर्न मद्दत गरेर सहायता गर्न सक्नुहुन्छ। तपाईंले उनीहरूलाई कस्तो मार्ग वा करियरहरूमा रुचि छ भनेर सोध्न सक्नुहुन्छ। वा तपाईंले उनीहरूलाई उनीहरूका सपना र लक्ष्यहरूको बारेमा सोधेर सुरु गर्न सक्नुहुन्छ। तपाईंले तपाईंको बच्चाको विद्यालय र समुदायमा कस्तो मद्दत उपलब्ध छ भनेर पनि अन्वेषण गर्न सक्नुहुन्छ।

कलेज र क्यारियर विकल्पहरू बारे थप अन्वेषण गर्नुहोस्।

# अतिरिक्त सहायताहरू

## तपाईंको बच्चालाई भर्चुअल (वा अनलाइन) सिकाइमा मद्दत गर्ने

भर्चुअल सिकाइ भनेको प्रविधि प्रयोग गरेर सिक्ने तरिका हो र यसले हामीले विद्यालयमा सिक्ने तरिकालाई परिवर्तन गरेको छ। यसले सबै उमेरका बालबालिकाहरूलाई वरपरको संसारको बारेमा आफ्नो बुझाइलाई चाँडै बढाउन अवसर प्रदान गर्छ। यस

प्रविधिको अधिकतम लाभ लिन, विद्यालयहरूले विद्यार्थीहरूलाई उनीहरूको सिकाइमा मद्दत गर्न भर्चुअल सिकाइ प्रयोग गर्छन्। विद्यालयहरूले भर्चुअल सिकाइ प्रयोग गर्ने तरिका प्रत्येक विद्यालय र ग्रेड स्तर अनुसार फरक-फरक हुन सक्छ। घरमा भर्चुअल सिकाइलाई कसरी सहायता गर्ने भनेर बुझ्नु महत्त्वपूर्ण हुन्छ।

भर्चुअल वा अनलाइन सिकाइका बारेमा थप अन्वेषण गर्नुहोस्।

### विद्यालय समय बाहिर विद्यार्थीहरूका लागि कार्यक्रमहरू

Ohio मा, विद्यार्थीहरूले विद्यालय समयभन्दा बाहिर सामेल हुन सक्ने कार्यक्रमहरू छन्। यी कार्यक्रमहरू विद्यालय अघि वा पछि हुन सक्छन्। कही विद्यालय बिदा अवधिमा हुन सक्छन्। केही कार्यक्रमहरूले विद्यालयमा मद्दत आवश्यक विद्यार्थीहरूलाई अतिरिक्त सहायता उपलब्ध गराउन सक्छन्। उनीहरूले बच्चाहरूलाई गृहकार्य गर्न शान्त ठाउँ दिएर र कम्प्युटर र इन्टरनेटमा पहुँच दिएर विद्यालयमा अझ राम्रो गर्न मद्दत गर्न सक्छन्। उनीहरूले विद्यालयको काममा थप मद्दत उपलब्ध गराउन वा नयाँ कुराहरू सिकाउने रमाइलो गतिविधिहरू गर्न पनि सक्छन्। यी कार्यक्रमहरूमा, बालबालिकाले नयाँ साथीहरू बनाउन र अरूबाट सिक्न सक्छन्। परिवारहरूले आफ्नो बच्चा दर्ता गर्न वा निश्चित नियमहरू पूरा गर्न आवश्यक हुन सक्छ। यी कार्यक्रमहरू निःशुल्क हुन वा त्यसका लागि अतिरिक्त लागतहरू लाग्न सक्छन्। कहीले बच्चाहरूलाई खाना वा यातायातमा मद्दत पनि दिन्छन्।

विद्यालय बाहिरका कार्यक्रमहरू बारे थप अन्वेषण गर्नुहोस्।

### तपाईंको बच्चाको मानसिक स्वास्थ्यमा सहायता गर्ने (Supporting Your Child's Mental Health)

Ohio मा, विद्यालयहरूले सम्पूर्ण बालबालिकालाई सहायता गर्न काम गर्छन्। यसको मतलब विद्यालयहरूले प्रत्येक विद्यार्थीको शैक्षिक सफलता र कल्याणमा ध्यान दिन्छन्। यस कारणका लागि, विद्यालयहरूले विद्यार्थीहरूको मानसिक स्वास्थ्यमा सहायता गर्न स्रोत-साधनहरू उपलब्ध गराउँछन्।

तपाईंको बच्चाको मानसिक स्वास्थ्यमा सहायता गर्ने बारे थप अन्वेषण गर्नुहोस्।

### विद्यालयहरूसँग सञ्चारका लागि दोभाषेहरू प्रयोग गर्ने

Ohio मा, बालबालिकालाई सफल बनाउन विद्यालय र परिवारहरू एक-साथ काम गर्छन्। उनीहरू एक-अर्कासँग कुराकानी गरेर र महत्त्वपूर्ण जानकारी साझा गरेर यो कार्य गर्छन्। विद्यालयहरूले परिवारहरूले रुचाएका भाषाहरूमा जानकारी साझा गर्नुपर्छ। तपाईंको परिवारले प्रश्नहरू सोध्न र तपाईंका विचार वा चिन्ताहरू विद्यालयसँग साझा गर्न दोभाषेहरूबाट मद्दत प्राप्त गर्न सक्छ।

दोभाषेहरू प्रयोग गर्ने बारे थप अन्वेषण गर्नुहोस्।

## संगठनहरूको सूची

### Ohio मा स्रोत-साधनहरू

यी संगठनहरू Ohio मा नयाँ र अङ्ग्रेजी बाहेक अन्य भाषाहरू बोल्ने परिवारहरूलाई मद्दत गर्नमा केन्द्रित छन्।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

तपाईंको कम्प्युटर वा यन्त्रमा संगठनहरूको सूचीको प्रतिलिपि डाउनलोड गर्नुहोस्।

## शब्दावली

यो शब्दावली तपाईंलाई विद्यालय र शिक्षाको सम्बन्धमा सामान्य शब्दहरूको सरल परिभाषा र व्याख्या उपलब्ध गराउन डिजाइन गरिएको हो। यो स्रोतले तपाईंलाई आफ्नो बच्चाको शिक्षाको सम्बन्धमा अझ राम्रोसँग बुझ्न मद्दत गर्ने छ।

शब्दावली अन्वेषण गर्नुहोस्।

*यी संसाधनहरू Ohio का बहुभाषिक शिक्षार्थीहरूको लागि शैक्षिक, विद्यार्थी कल्याण र कलेज र क्यारियर परिणामहरूलाई बलियो बनाउन लक्षित छन्। संसाधनहरू परिवारिक अधिवक्ता, समुदायका अगुवा, स्कुल डिस्ट्रिक्टका कर्मचारी र शिक्षकहरूको समर्पित समूहका साथ-साथै Ohio Department of Education and Workforce र The Ohio State University's Center on Education and Training for Employment बीचको सहयोगात्मक प्रयास मार्फत सिर्जना गरिएका थिए।*

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University